apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः १४३ ● पृष्ठः ४ ● २७ जेठ २०८३ बुधबार (10 June 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




## "मोबाइल नष्ट गर्नु गैरकानुनी" : शिक्षामन्त्री पोखरेलले तोडे मौनता

# मोबाइल नष्ट गरिएको प्रकरणमा संघीय सरकारको असहमति, क्षतिपूर्ति माग गर्दै सर्वोच्चमा रिट दर्ता





**✍ अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २६ गते**

माध्यमिक शिक्षा परीक्षा (एसईई) र कक्षा-१२ को परीक्षाका क्रममा जफत गरिएका परीक्षार्थीका मोबाइल फोन तथा स्मार्टवाच नष्ट गरिएको विषयमा संघीय सरकारका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले पहिलोपटक सार्वजनिक धारणा दिएका छन् । उनले कसैको निजी सम्पत्ति कानुनी प्रक्रिया पूरा नगरी नष्ट गर्नु गैरकानुनी कार्य भएको स्पष्ट बताएका छन् ।

मंगलबार मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्ने क्रममा पत्रकारहरूले सिरहामा जफत गरिएका करिब पाँच सय मोबाइल र स्मार्टवाच नष्ट गरिएको घटनाबारे प्रश्न उठाएपछि मन्त्री पोखरेलले उक्त निर्णयप्रति असहमति जनाएका हुन् ।

उनले भने, "कसैको सम्पत्ति त्यसरी नष्ट गरिनु गैरकानुनी हो । विभिन्न सञ्चारमाध्यममा शिक्षा मन्त्रालयको निर्देशनमा भएको भन्ने समाचार आएका छन्, तर त्यस्तो होइन । बरु प्रदेश सरकारको शिक्षा मन्त्रालयबाट त्यस्तो निर्णय भएको भन्ने बुझिएको छ। जुन निर्देशनबाट त्यस्तो कार्य भयो, त्यो पूर्णतः गैरकानुनी छ ।"

मन्त्री पोखरेलको यो अभिव्यक्ति सार्वजनिक भएसँगै सिरहामा भएको मोबाइल नष्ट प्रकरणले थप राजनीतिक र कानुनी महत्व पाएको छ । यसअघि उक्त निर्णयको कानुनी वैधता, सम्पत्तिको अधिकार र प्रशासनिक प्रक्रियामाथि विभिन्न क्षेत्रबाट प्रश्न उठ्दै आएका थिए ।

**क्षतिपूर्तिबारे के भने मन्त्रीले ?**

विद्यार्थी र अभिभावकहरूले जफत गरिएका मोबाइल तथा स्मार्टवाचको क्षतिपूर्ति मागिरहेका बेला मन्त्री पोखरेलले क्षतिपूर्तिको विषय कानुनी प्रक्रियासँग जोडिएको बताएका छन् ।

उनका अनुसार विद्यार्थीलाई न्याय दिलाउन सम्बन्धित निकायले आवश्यक कदम चाल्नुपर्छ । तर क्षतिपूर्ति उपलब्ध गराउने विषय अदालत वा सक्षम निकायको निर्णयपछि मात्र अगाडि बढ्न सक्ने संकेत उनले दिएका छन् ।

उनले भने, "कसैले कानुनी प्रक्रियाको सहारा लिएर अदालत गएर क्षतिपूर्ति भराउनुपर्ने आदेश प्राप्त गऱ्यो भने त्यसअनुसार अगाडि बढ्नुपर्ने हुन्छ ।"

यसबाट संघीय सरकारले मोबाइल

बाँकी पृष्ठ २ ▸▸

# असारे विकास रोक्न मधेश सरकारद्वारा खर्च कटौती

**✍ अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २६ गते**




लक्ष्य अनुसार राजश्व संकलन हुन नसकेको भन्दै मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको अन्त्यतरि असारे विकास रोक्न बजेट खर्च कटौती गर्न कडा निर्णय गरेको छ ।

अर्थमन्त्री युवराज भट्टराईले लक्ष्य अनुसारको राजश्व संकलन हुन नसकेको र सञ्चित कोषमा चाप बढ्दै गएपछि वित्तिय सन्तुलन कायम गर्न भनेर 'असारे विकास' रोक्न र वित्तीय अनुशासन कायम गर्न बजेट खर्चमा कडा कटौती तथा रोक्का गर्न विभिन्न शिर्षकको बजेट खर्चमा कटौती गर्न सबै मन्त्रालय, सचिवालय, प्रतिष्ठान र निकायमा पत्राचार गरेका छन् ।

मधेश प्रदेश सरकारले आर्थिक वर्षको अन्त्यमा हतार-हतार बजेट खर्च गर्ने 'असारे विकास' को प्रवृत्तिलाई पूर्ण रुपमा निरुत्साहित गर्दै वित्तीय सुशासन कायम गर्न कडा कदम चालिएको सो पत्रमा भनिएको छ ।

चालु आर्थिक वर्षमा प्रदेशको आन्तरिक तथा कुल आय संकलन लक्ष्य अनुरूप हुन नसकेको र प्रदेश सञ्चित कोषमा न्यून मौज्दात रहेकोले अनुमानित आयका आधारमा खर्च दायित्व वहन गर्न कठिनाइ उत्पन्न भएको छ । यसैलाई दृष्टिगत गर्दै समग्र वित्तीय सन्तुलन, अनुशासन तथा स्थायित्व कायम राख र प्राथमिकतायुक्त कार्यक्रमहरूको निरन्तरता सुनिश्चित गर्न मन्त्रालयले मिति २०८३/०२/२६ को निर्णयानुसार खर्च हुन बाँकी रकममा कडा नियन्त्रण गरेको छ ।

सो पत्रमा नयाँ कार्यक्रम र साना योजना, आर्थिक वर्षको अन्त्यमा आएर बजेट सक्नकै लागि काम सुरु गर्ने प्रवृत्ति रोक्न, हालसम्म कार्यदिश नलिएका सबै आयोजना तथा कार्यक्रमहरु, रु १० लाख वा सोभन्दा कम बजेट भएका साना आयोजनाहरुको रकम पनि खर्च

बाँकी पृष्ठ ४ ▸▸

# राजविराज नगरपालिकामा लगाइएको ताला प्रहरीले तोड्यो, आन्दोलनरत व्यवसायीद्वारा बजार बन्द

**✍ अपन दैनिक संवाददाता**
**राजविराज, जेठ २६ गते**



सप्तरीको राजविराज बजारका व्यवसायीहरुले 'बिटौरी' जग्गाको लालपुर्जा माग्दै नगरपालिका कार्यालयमा लगाएको ताला मंगलबार दिउँसो प्रहरीले तोडेको छ । ताला तोड्दा आक्रोशित व्यवसायीले सडकमा प्रदर्शन गर्दै राजविराज बजारसमेत बन्द गराएका छन् ।

उनीहरुले माग सम्बोधन गर्न जनप्रतिनिधिले पहल गर्नुपर्नेमा अनसन बसिरहेका व्यवसायीमाथि प्रहरी लगाएर बलजफ्ती गरेको बताए । आन्दोलन परिचालन समिति गठन गरेर आन्दोलन सुरु गरेका व्यवसायीहरुले केही स्थानीयले जनप्रतिनिधि र कर्मचारीलाई प्रभावमा पारेर लालपुर्जा लिइसक्दा पनि आफुहरुलाई दिन अनाकानी गरिरहेको आरोप लगाए ।


लालपुर्जाका लागि उनीहरुले ३ सातादेखि चरणवद्ध रुपमा नगरपालिका कार्यालय लक्षित आन्दोलन गर्दै आएका थिए । गत आइतबार अनसनस्थलमा आएका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले 'बिटौरी' जग्गाको लालपुर्जाको समस्या वडा कार्यालय, नगरपालिका वा भूमि प्रशासन कार्यालयले सुल्झाउनै नसक्ने जानकारी गराएका थिए । यहाँबाट सुल्झाउन नसकिने भएपछि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन र गृह मन्त्रालयमा लेखेर पठाइसकेको तथा त्यहीँ पुगेर थप ध्यानाकर्षण गराउन प्रजिअ पोखरेलले आन्दोलनरत पक्षलाई सुझाव दिँदै अनसन स्थगित गर्न आग्रह गरेका थिए ।

त्यसअघि शनिबार यहाँका सांसदसमेत रहेका युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले पनि स्थानीयस्तरबाट ती समस्या समाधान हुन नसक्ने भिडियो कलमार्फत अवगत गराउँदै भूमि सम्बन्धी समस्या समाधान गर्न एक साताअघि बनेको समितिसँग समन्वय गरिसकेको तथा काठमाडौं आएर समितिसँगै छलफल गर्न उनीहरुलाई आग्रह गरेका थिए । तर, ठोस पहल नभएसम्म तालाबन्दी र अनसन जारी नै राख्ने व्यवसायीहरुले अडान दोहोऱ्याउँदै आएका थिए । आर्थिक वर्ष सकिने बेला नगरपालिका कार्यालय बन्द रहँदा कामकाज प्रभावित भइरहेको छ ।

# रास्वपा मधेश प्रदेशको अधिवेशन स्थगित

**✍ अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २६ गते**




राष्ट्रिय स्वतन्त्र पार्टी
RASTRIYA SWANTANTRA PARTY
केन्द्रीय निर्वाचन आयोग

प.सं.: 0067
च.नं.: 156

मिति: २०८३ जेठ २६ गते

अत्यन्त जरुरी सूचना

विषय: मधेश प्रदेश अधिवेशन सम्बन्धी सम्पूर्ण गतिविधि स्थगित गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा, राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, २०७९ (तेस्रो संशोधन सहित) को दफा ४१ तथा दफा ४९ बमोजिम केन्द्रीय निर्वाचन आयोगलाई प्राप्त अधिकार प्रयोग गरी मधेश प्रदेश अधिवेशनको निष्पक्ष, पारदर्शी, विश्वसनीय तथा विधिसम्मत सञ्चालन सुनिश्चित गर्न आवश्यक देखिएकाले मधेश प्रदेश अधिवेशनसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरू अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको व्यहोरा सम्पूर्ण पार्टी सदस्यहरू, प्रतिनिधिहरू, उम्मेदवारहरू, प्रदेश तथा जिल्ला तहका पार्टी पंक्ति एवं सरोकारवालाहरूको जानकारीका लागि सूचित गरिन्छ।

यस स्थगनको निर्णय मधेश प्रदेश अधिवेशनसँग सम्बन्धित प्रतिनिधि छनोट, निर्वाचन कार्यक्रम, उम्मेदवारी प्रक्रिया, प्रचारप्रसार, बैठक, भेला तथा अधिवेशन आयोजनासँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूमा लागू हुने छ।

मधेश प्रदेश अधिवेशन पुनः सञ्चालन हुने मिति, समय तथा संशोधित कार्यतालिकाबारे केन्द्रीय निर्वाचन आयोगबाट आधिकारिक रुपमा पछि जानकारी गराइनेछ। अधिवेशनका बाँकी प्रक्रिया तथा आगामी कार्यतालिकाका सम्बन्धमा आयोगद्वारा जारी हुने थप निर्देशनको प्रतीक्षा गर्न तथा यस अवधिमा अधिवेशनसँग सम्बन्धित कुनै पनि नयाँ गतिविधि सञ्चालन नगर्न सम्पूर्ण सम्बन्धित पक्षलाई आग्रह गरिन्छ।

भुवन के.सी.
प्रमुख, केन्द्रीय निर्वाचन आयोग

बोधार्थ:
१. श्री केन्द्रीय सभापति, केन्द्रीय कार्यालय

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मधेश प्रदेश अधिवेशन स्थगित गरेको छ भने त्यससँग सम्बन्धित सबै गतिविधि रोकिएको जनाएको छ ।

रास्वपा केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीले मंगलबार सूचना जारी गरी मधेश प्रदेशको अधिवेशन स्थगित गरिएको जनाएका छन् । 'मधेश प्रदेश अधिवेशनसँग सम्बन्धित सम्पूर्ण गतिविधि अर्को सूचना नभएसम्म स्थगित गरिएको छ,' सूचनामा भनिएको छ ।

रास्वपाका प्रदेश अधिवेशन मंगलबारबाट सुरु भएका छन् । मधेशमा भने जिल्ला अधिवेशन र प्रतिनिधि छनोटका विषयमा झडप हुन थालेपछि रास्वपाले प्रदेश अधिवेशन स्थगित गरेको हो ।

अधिवेशनसँग सम्बन्धित कुनै पनि क्रियाकलापन नगर्न भनिएको छ । 'मधेश प्रदेश अधिवेशनसँग सम्बन्धित प्रतिनिधि छनोट, निर्वाचन कार्यक्रम, उम्मेदवारी प्रक्रिया, प्रचारप्रसार, बैठक, भेला तथा अधिवेशन आयोजनासँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूमा लागू हुनेछ,' सूचनामा भनिएको छ ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

अपन दैनिक






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

# भूमिहीन दलितलाई करार खेतीका लागि हाते ट्याक्टर

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २६ गते**



भूमिहीन दलित परिवारलाई लिजमा लिइएको जग्गामा खेतीपाती गर्न हाते ट्याक्टर उपलब्ध गराइएको छ। पूर्वपश्चिम हुलाकी सडकनजिकै रहेको सिरहाको दक्षिणी सीमावर्ती नवराजुर गाउँपालिकाअन्तर्गत पर्ने पाँच वडा क्षेत्रमा बसोवास गरिरहेका भूमिहीन दलितहरुलाई खेतीपाती गर्न सहजताका लागि १२ वटा हाते ट्याक्टर वितरण गरिएको हो।

गाउँपालिकामा पर्ने पाँच वडाअन्तर्गत बसोवास गरिरहेका भूमिहीन दलितहरु आफैंले चलाइरहेका ३८ वटा कृषक समूहमध्ये १२ वटा समूहलाई सोमबार स्थानीय जनप्रतिनिधिहरुको उपस्थितिमा हाते ट्याक्टर दिइएको हो। नवराजपुर गाउँपालिका कार्यालयसहित लहानस्थित दलित जनकल्याण युवा क्लव र मेनोनाइट सेन्ट्रल कमिटीको सहकार्यमा १२ समूहमा आबद्ध रहेका ३०४ सदस्यले पालैपालो प्रयोग गर्ने गरी आठ लाख ४२ हजार ९५३ रुपैयाँबराबरको हाते ट्याक्टर दिइएको हो। 'हाते ट्याक्टरसँगै इञ्जिन र गियर तेल तथा डिजल उपलब्ध गराएको क्लवका अध्यक्ष उमेकुमार विसुन्केले जानकारी दिए।

प्रायः कृषि मजदूरी गरेर जीविका चलाउँदै आएका स्थानीय भूमिहीन दलितहरुलाई एकीकृत जीविकोपार्जन तथा कृषि सुधार परियोजनाअन्तर्गत पालिकासँगको सहकार्यमा खेतीपाती सहित आयआर्जनसम्बन्धी काम गर्न आर्थिक सहयोग उपलब्ध गराइएको सामाजिक परिचालक सन्तोषकुमार विसुन्केले बताए। उनका अनुसार समूहका सदस्यहरुले लिजमा लिइएको जग्गामा अन्न तथा तरकारी खेती, बालबालिका शिक्षा, आयआर्जनका लागि किराना पसल, घुम्ती कपडा पसल संचालन गर्न सहयोग उपलब्ध गराइएको हो। 'हाते ट्याक्टर चलाउन तालिमसहित हरेक समूहमा एक-एक जना चालक समेत तोकिएका छन्' उनले भने।

**खेतीपातीसहित बचत पनि**

नवराजपुर ३ फूलबरिया गाउँस्थित ओमशान्ति कृषक समूहकी अध्यक्ष समेत रहेकी करिब ३७ वर्षीया सुलेना सदायका अनुसार परियोजनामार्फत वार्षिक ४१ हजार एक सय रुपैयाँमा लिजमा लिइएको दुई बिघा साढे पाँच कट्ठा जग्गा साढे चार कट्ठाका दरले १० भूमिहीन परिवारले खेती गरिरहेका छन्।

'सधैं कृषि मजदूरी गरेर पेट पाल्दै आएका स्थानीय भूमिहीन दलितहरुका लागि जग्गा बोहक बीउविजन, टोलमा स्वच्छ खानेपानीका लागि कल जडान, सिंचाईका लागि बोरिङ समेत सहयोग पाएका छौं,' उनले भनिन् 'जग्गा पाएकाहरु आफैंले अन्न तथा तरकारी खेती गर्दा हातमुख जोड्नका लागि त्यति तनाव झेल्नु परेको छैन।'

त्यस्तै, छिमेकी बरियारपट्टि गाउँपालिका ५ बाहेक चार वटा वडाका आठ समूहलाई पनि मंगलबार जनप्रतिनिधिहरुको उपस्थितिमा पाँच लाख ६१ हजार ९६८ रुपैयाँ मूल्यको एक-एक थान हाते ट्याक्टर उपलब्ध गराइएको परियोजना संयोजक लालप्रसाद पोखरेलले जानकारी दिए। उनका अनुसार बरियारपट्टिको १, २, ३ र ४ नं. वडा का ४० परिवारलाई खेतीपातीका लागि वार्षिक लिजमा छ बिघा नौ कट्ठा १७ धुर जग्गा उपलब्ध गराइएको छ। 'उपलब्ध गराइएको जग्गामा समूहमा आबद्ध भूमिहीन दलितहरुले खेती गरी आफ्नो अवस्था उकास्न थालेका छन्।'

बरियारपट्टि ३ का वडाध्यक्ष विनोदकुमार यादव भन्छन् 'सामूहिक लिजमा उपलब्ध गराइएको जग्गामा खेतीपाती गरिरहेकासहित सबै दलित परिवारको सुरक्षित बसोवास, बालबालिकाको शिक्षा, सरकारसफाइ, आचरण सुधार लगायतका क्षेत्रको सुधारका लागि वडास्तरबाट पनि प्रयास गरिरहेका छौं।'

## सम्पादकीय...

### मधेशमा रास्वपा अधिवेशनको अन्योलता हटाउ

बालेन्द्र शाह नेतृत्वको सरकार र राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय महाधिवेशनको तयारीसँगै पार्टीभित्र संगठन विस्तार र नेतृत्व चयनको प्रक्रिया तीव्र अघि वढेको छ। पार्टी सभापति रवि लामिछाने पुनः महाधिवेशनमार्फत नेतृत्वमा आउने तयारीमा रहेका बेला देशभर संगठनात्मक अधिवेशन सञ्चालन गर्ने योजना बनाइयो। तर मधेश प्रदेशमा भने अधिवेशन प्रक्रिया नै अवरुद्ध बनेको छ। यसले पार्टीभित्रको आन्तरिक लोकतन्त्र, नेतृत्वको व्यवहार र संगठनात्मक संस्कृतिमाथि गम्भीर प्रश्न खडा गरेको छ। मधेश प्रदेशका आठवटै जिल्लामा सुरु भएको अधिवेशन प्रक्रिया नेतृत्व चयनका विवादका कारण रोकिएको छ। वडा, नगर हुँदै जिल्ला अधिवेशनसम्म पुगेको प्रक्रियामा सिरहा जिल्ला मात्र होइन, समग्र प्रदेशमै आठ वटै जिल्ला प्रभावित बनेको छ। जसले गर्दा नेतृत्व चयनको प्रक्रिया अन्योलमा परेको छ भने कार्यकर्तामा निराशा र असन्तुष्टि बढाएको छ।

राजनीतिक दलको शक्ति निर्वाचनको परिणामबाट मात्र मापन हुँदैन। त्यसको वास्तविक आधार संगठनभित्रको लोकतान्त्रिक अभ्यास, नेतृत्व चयनको पारदर्शी प्रक्रिया र कार्यकर्ताको सहभागितामा निर्भर हुन्छ। कुनै पनि दलले आफूलाई वैकल्पिक शक्ति, सुधारवादी अभियान वा नयाँ राजनीतिक संस्कृतिको वाहकका रूपमा प्रस्तुत गर्ने हो भने उसले आफ्नै संगठनभित्र लोकतान्त्रिक मूल्य र मान्यतालाई कडाइका साथ पालना गर्नुपर्छ। अन्यथा जनतासामु प्रस्तुत गरिएका आदर्श र व्यवहारबीचको दूरी बढ्दै जान्छ। मधेश प्रदेशमा अधिवेशन अवरुद्ध हुनुको मुख्य कारण निर्वाचित सांसदहरू र प्रभावशाली नेताहरूको हस्तक्षेप र अलोकतान्त्रिक दबाब नै हो। यसले संगठनात्मक समस्या मात्र होइन, पार्टीको राजनीतिक विश्वसनीयतामाथि गम्भीर सवाल खडा गरेको छ। नेतृत्व चयनको प्रक्रिया निष्पक्ष, स्वतन्त्र र प्रतिस्पर्धात्मक हुनुपर्नेमा प्रभावको राजनीति हावी हुनु दुर्भाग्यपूर्ण हो।

रास्वपाले स्थापना कालदेखि नै पुराना दलहरूको गुटबन्दी, शक्ति संघर्ष र आन्तरिक लोकतन्त्रको अभावको आलोचना गर्दै आएको छ। त्यसैले आज आफ्नै संगठनभित्र यस्तै प्रकृतिका विवाद देखिनु पार्टीका लागि झन् बढी संवेदनशील विषय बनेको छ। कार्यकर्ताको मताधिकार, प्रतिनिधित्वको अधिकार र संगठन निर्माणको प्रक्रियालाई सम्मान नगर्ने हो भने पार्टीले उठाएको परिवर्तनको नारामाथि नै प्रश्न उठ्न सक्छ। केन्द्रीय महाधिवेशन कुनै पनि दलका लागि सर्वोच्च संगठनात्मक प्रक्रिया हो। त्यसअघि स्थानीय, जिल्ला र प्रदेश तहका अधिवेशन समयमै सम्पन्न हुनु आवश्यक हुन्छ। मधेश प्रदेशको अधिवेशन लामो समयसम्म रोकिँदा प्रतिनिधित्वको प्रश्न जटिल बन्छ र महाधिवेशनको वैधानिकता तथा समावेशितामाथि समेत असर पर्न सक्छ। त्यसैले अहिलेको आवश्यकता विवादलाई थप चर्काउने होइन, संवाद, सहमति र विधिसम्मत प्रक्रियाबाट समाधान खोज्नु नै हो। विवादका विषयमा निष्पक्ष छानबिन, आवश्यक समन्वय र स्पष्ट कार्यतालिका सार्वजनिक गर्दै अधिवेशन प्रक्रियालाई तत्काल अगाडि बढाउनुपर्छ। पार्टीभित्र लोकतन्त्रलाई व्यवहारमा स्थापित गर्नुपर्छ। नत्र वैकल्पिक राजनीतिको दाबी झन् कमजोर बन्न सक्छ।

# शहीद परिवार र घाइतेहरूको हकहितका लागि मधेश प्रदेश संसद अगाडि प्रदर्शन

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ २६ गते**

मधेश आन्दोलनका शहीद परिवार तथा घाइतेहरूको हक, अधिकार र सम्मान सुनिश्चित गर्नुपर्ने माग गर्दै मधेश प्रदेशको संसद भवन अगाडि प्रदर्शन गरेका छन्।

मंगलवार दिउँसो मधेसी शहीद एवं घाइते हकहित संघर्ष समिति'ले

बाँकी पृष्ठ ४ ▶▶

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | PLI१३३००१००१४ | देव राम यादव | सिरहा न.पा.-७, सिरहा |

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## आजको राशिफल

**मेष :** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। मनोरञ्जनमा सहभागी भइएला।

**बृष :** आज सरकारी निकायको भय रहला। अविश्वास उत्पन्न हुनेछ।

**मिथुन :** आज शुभ समाचार सुन्न पाइएला। वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ।

**कर्कट :** बन्न लागेको काम बिग्रनसक्छ। प्रेममा बाधाका साथै मन कमजोर रहला।

**सिंह :** अचल सम्पत्ति हात पर्ने योग छ। आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ।

**कन्या :** लाभहानी, सुखदुःख बराबरी मध्यम खालको दिन छ। ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ।

**तुला :** आज रोकिएको धन हात पर्ला। धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ।

**वृश्चिक :** आज दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। शुभकार्यको चर्चा चल्नेछ।

**धनु :** आज आफन्त सँग भेट घाट हुनेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ।

**मकर :** सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। आकस्मिक धन लाभ हुनेछ।

**कुम्भ :** आज प्रेमीको सहयोग प्राप्त हुनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ।

**मीन :** नयाँ कार्यको थालनी हुनेछ। लगनशीलताले कामहरू अगाडि बढ्नेछन्।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## "मोबाइल नष्ट गर्नु गैरकानुनी" ............

नष्ट गर्ने निर्णयलाई गैरकानुनी माने पनि तत्काल क्षतिपूर्ति दिने प्रतिबद्धता भने सार्वजनिक रूपमा व्यक्त नगरेको देखिन्छ।

**सर्वोच्च अदालतमा रिट, सडकमा आन्दोलन**

मोबाइल नष्ट प्रकरणविरुद्ध मंगलबार सर्वोच्च अदालतमा रिट निवेदनसमेत दर्ता भएको छ। अधिवक्ता अनिलकुमार साह तथा पीडित विद्यार्थीहरूले दायर गरेको रिटमा मोबाइल तथा स्मार्टवाचको बजार मूल्य र डेटा क्षतिको आधारमा उचित क्षतिपूर्ति, जिम्मेवार अधिकारीमाथि कारबाही तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिन आदेश जारी गर्न माग गरिएको छ।

यता, सिरहामा विभिन्न विद्यार्थी संगठनहरूले आन्दोलन सुरु गरिसकेका छन्। 'विद्यार्थीलाई क्षतिपूर्ति दे सरकार' भन्ने नारासहित विद्यार्थीहरूले जिल्ला प्रशासन कार्यालय घेराउ गर्दै विरोध प्रदर्शन गरेका छन्। उनीहरूले जफत गरिएका सामग्रीको उचित मूल्यांकन गरी पीडित विद्यार्थीलाई क्षतिपूर्ति दिनुपर्ने, घटनाको निष्पक्ष छानबिन हुनुपर्ने तथा जिम्मेवार अधिकारीमाथि कारबाही गर्नुपर्ने माग राखेका छन्।

**एक करोडभन्दा बढी मूल्यका मोबाइल नष्ट**

जिल्ला प्रशासन कार्यालय सिरहाका अनुसार गत चैतमा सम्पन्न एसईई र कक्षा-१२ परीक्षाका क्रममा विभिन्न परीक्षा केन्द्रबाट ७ थान आइफोन, ४८९ थान एन्ड्रोइड मोबाइल फोन र ५ थान स्मार्टवाच जफत गरिएको थियो।

जिल्ला परीक्षा समन्वय समितिको निर्णयअनुसार ती सामग्री जिल्ला प्रहरी कार्यालयको परिसरमा पानीमा डुबाएर नष्ट गरिएको थियो। प्रशासनले बरामद सामग्रीको अनुमानित मूल्य एक करोड रुपैयाँभन्दा बढी रहेको जनाएको छ।

मोबाइल नष्ट गरिएको भिडियो सार्वजनिक भएपछि घटनाले राष्ट्रिय चर्चा पाएको छ। अब शिक्षामन्त्री स्वयंले उक्त कार्यलाई गैरकानुनी भनेपछि यो प्रकरण प्रशासनिक विवादबाट अघि बढेर कानुनी, राजनीतिक र मानवअधिकारको बहस को विषय बनेको छ।

अब सर्वोच्च अदालतको आदेश, सरकारको आधिकारिक धारणा र सम्बन्धित निकायको आगामी कदमले यो प्रकरण कुन दिशातर्फ जानेछ भन्नेमा चासो केन्द्रित भएको छ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

क.र.का.दर्ता नं. : ९६८६७/०६९/०७०

# महुली लघुवित्त वित्तीय संस्था लिमिटेड

## MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

रजिष्टर्ड कार्यालयः अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी, फोन नं.: ०३१-४११००५
Email : info@mslbsl.com.np, Web : www.mslbsl.com.np

## ऋण कर्जा चुक्ता/भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०२/२७ गते

यस लघुवित्त वित्तीय संस्थाबाट चल-अचल सम्पत्ति सुरक्षण वापत् धितो राखी तथा सामुहिक जमानतमा तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय-समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

साथै उक्त चल अचल श्रीसम्पती लिलाम बिक्रीवाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

| शाखाको नाम | बिवरण | नाम | नागरिकता न. | नागरिकता जारी मिती र जारी जिल्ला | स्थायी ठेगाना | हालको ठेगाना | पति/बुवा | ससुरा/बाजे |
|---|---|---|---|---|---|---|---|---|
| | ऋणीको बिवरण | **दूलारी देवी मंडल** | १५३०६४/५६६ | २०६३।१२।२९, सिरहा | रामपूर विर्ता.-९, सिरहा | मिर्चैया ना.पा-१२, सिरहा, मधेश प्रदेश | रत्न देव मण्डल | सुराई मण्डल |
| | जमानतकर्ताको बिवरण | रत्न देव मण्डल | ३६२३ | २०४४।१२।२९, सिरहा | रामपूर विर्ता.-५, सिरहा | मिर्चैया ना.पा-१२, सिरहा, मधेश प्रदेश | सुराई मण्डल | |
| | ऋणीको बिवरण | **संगिता कुमारी साह** | १५३०४९/८५७ | २०६३।१२।१०, सिरहा | गा.वि.स. फूल्काहाक्टी-७ | मिर्चैया ना.पा-३, सिरहा, मधेश प्रदेश | बुवाः भोला साहु तेली | |
| | जमानतकर्ताको बिवरण | संतोष कुमार यादव | २०-३७२०७ | २०४९।०३।१६, सिरहा | गा.वि.स. राघोपुर-९, सिरहा | मिर्चैया ना.पा-३, सिरहा, मधेश प्रदेश | बुवाः प्रमेश्वर यादव | |
| | ऋणीको बिवरण | **विष्णु माया श्रेष्ठ** | १५३०६९/९९ | २०६३।१०।२२, सिरहा | गा.वि.स.चन्द्रलालपुर-२, सिरहा | गोलवजार ना.पा.-४, सिरहा, मधेश प्रदेश | गंगा श्रेष्ठ | शिवलाल श्रेष्ठ |
| | जमानतकर्ताको बिवरण | गंगा श्रेष्ठ | १८६२१४४५ | २०४६।११।११, सिरहा | गा.वि.स.चन्द्रलालपुर-६, सिरहा | गोलवजार ना.पा.-४, सिरहा, मधेश प्रदेश | शिवलाल श्रेष्ठ | |
| | ऋणीको बिवरण | **मंजु देवी श्रेष्ठ** | १५३०६९/२६३ | २०६९।१०।२४, सिरहा | गा.वि.स.चन्द्रलालपुर-२, सिरहा | गोलवजार ना.पा.-४, सिरहा, मधेश प्रदेश | खर्ग वहादुर श्रेष्ठ | राम वहादुर श्रेष्ठ |
| | जमानतकर्ताको बिवरण | खर्ग वहादुर श्रेष्ठ | ९३८५४६२४ | २०४५।०१।०५, सिरहा | गा.वि.स.कल्यानपुर-८, सिरहा | गोलवजार ना.पा.-४, सिरहा, मधेश प्रदेश | राम वहादुर श्रेष्ठ | |
| | ऋणीको बिवरण | **निशाा लामा** | १५३०६८/४३० | २०६३।११।०६, सिरहा | गा.वि.स.चन्दोयपुर-६, सिरहा | गोलवजार ना.पा.-४, सिरहा, मधेश प्रदेश | टंक प्रसाद लामा | कारसंग लामा |
| | जमानतकर्ताको बिवरण | विना देवि चौधरी | १५१०७०/५८ | २०६४।०८।२७, सिरहा | गा.वि.स.चन्द अयोध्यापूर-१, सिरहा | गोलवजार ना.पा.-४, सिरहा, मधेश प्रदेश | मन्टुन चौधरी | सोनेलाल चौधरी |
| | ऋणीको बिवरण | **विना देवी चौधरी** | १५१०७०/५८ | २०६४।०८।२७, सिरहा | गा.वि.स.चन्द अयोध्यापूर-१, सिरहा | गोलवजार ना.पा.-४, सिरहा, मधेश प्रदेश | मन्टुन चौधरी | सोनेलाल चौधरी |
| | जमानतकर्ताको बिवरण | निशाा लामा | १५३०६८/४३० | २०६३।११।०६, सिरहा | गा.वि.स.चन्दोयपुर-६, सिरहा | गोलवजार ना.पा.-४, सिरहा, मधेश प्रदेश | टंक प्रसाद लामा | कारसंग लामा |
| | ऋणीको बिवरण | **मलका खातुन** | १५१०८०/६७० | २०६८।०२।१६, सिरहा | गा.वि.स. सारस्वर-२, सिरहा | सिरहा ना.पा.-१२, सारस्वर, सिरहा, मधेश प्रदेश | मो.आजाद दफाली | विल्टु दफाली |
| | जमानतकर्ताको बिवरण | मो.आजाद दफाली | २७५९६/१०८१ | २०५८।०४।०२, सिरहा | गा.वि.स. सारस्वर-२, सिरहा | सिरहा ना.पा.-१२, सारस्वर, सिरहा, मधेश प्रदेश | विल्टु दफाली | |
| | ऋणीको बिवरण | **शान्ती घलान राना मगर** | २१-०१-७०-४१३६४ | २०७०।०९।३०, रामेछाप | गा.वि.स.गागल भदौर-४, रामेछाप | गोलवजार ना.पा.-६, सिरहा, मधेश प्रदेश | शिव ब. राना मगर | सन्ते राना मगर |
| | जमानतकर्ताको बिवरण | शिव व. राना मगर | ३३५६२/२११०४१/५४४५ | २०५३।०५।०६, रामेछाप | गा.वि.स.गागल भदौर-४, रामेछाप | गोलवजार ना.पा.-६, सिरहा, मधेश प्रदेश | सन्ते राना मगर | |
| | ऋणीको बिवरण | **रतिया देवी दफाली** | ११८१५ | २०४४।११।०३, सिरहा | गा.वि.स सारस्वर-४, सिरहा | सिरहा ना.पा.-१२, सारस्वर, सिरहा, मधेश प्रदेश | हकिम दफाली | खलील |
| | जमानतकर्ताको बिवरण | अब्दुल सलाम दफाली | १५-०१-७०-११००४ | २०७०।०६।१५, सिरहा | गा.वि.स सारस्वर-४, सिरहा | सिरहा ना.पा.-१२, सारस्वर, सिरहा, मधेश प्रदेश | बुवाः हकिम दफाली | खलील |
| | ऋणीको बिवरण | **सगिरा दफाली** | ६०३३०/५५७३६३५ | २०६१।०६।१९, सिरहा | गा.वि.स सारस्वर-२, सिरहा | सिरहा ना.पा.-१२, सारस्वर, सिरहा, मधेश प्रदेश | ईसान मिया | नुजा मिया |
| | जमानतकर्ताको बिवरण | ईसान मिया | ३८ | २०५४।०६।०५, सिरहा | गा.वि.स सारस्वर-२, सिरहा | सिरहा ना.पा.-१२, सारस्वर, सिरहा, मधेश प्रदेश | नुजा मिया | |
| | ऋणीको बिवरण | **श्रवण कुमार मण्डल** | १०२००/६३ | २०६३।०५।२३, सिरहा | गा.वि.स अर्नामा-८, सिरहा | कल्यानपुर न.पा.-१, सिरहा | सौखिया मण्डल | |
| | जमानतकर्ताको बिवरण | तेतरी देवी मण्डल | ११४३२/६३ | २०६३।०७।१३, सिरहा | गा.वि.स अर्नामा-८, सिरहा | कल्यानपुर न.पा.-१, सिरहा | श्रवण कुमार मण्डल | सौखिया मण्डल |
| | ऋणीको बिवरण | **सावितरी देवी ठाकुर** | ४४५८०/९१२ | २०६०।०२।११, सिरहा | गा.वि.स.सुखिपुर-४, सिरहा | मिर्चैया न.पा.-६, सिरहा, मधेश प्रदेश | वद्री ठाकुर वरही | दामोदर ठाकुर वरही |
| | जमानतकर्ताको बिवरण | वद्री ठाकु। वरही | २४४/७७७ | २०५२।०२।१८, सिरहा | गा.वि.स.सुखिपुर-४, सिरहा | मिर्चैया न.पा.-६, सिरहा, मधेश प्रदेश | दामोदर ठाकुर वरही | |
| | ऋणीको बिवरण | **प्रमिला देवी महरा** | १७३०४८/६५६ | २०६३।१०।२५, धनुषा | गा.वि.स. धनुषाधाम-५, धनुषा | मिर्चैया न.पा.-५, सिरहा, मधेश प्रदेश | सिजन चमार | घुरन चमार |
| | जमानतकर्ताको बिवरण | अजय कुमार महरा | १७-०१-७५-१०१५५ | २०७५।०८।०९, धनुषा | गा.वि.स. धनुषाधाम-५, धनुषा | मिर्चैया न.पा.-५, सिरहा, मधेश प्रदेश | बुवाः सिजन चमार | बाजेः घुरन चमार |
| | ऋणीको बिवरण | **सर्मिला कु. राउत सिंह** | १५-०१-६९-०६४४० | २०६९।१२।२३, सिरहा | गा.वि.स. रामनगर-२, मिर्चैया, सिरहा | मिर्चैया न.पा.-५, सिरहा, मधेश प्रदेश | प्रदिप कुमार सिंह राजपुत | देवन सिंह |
| | जमानतकर्ताको बिवरण | प्रदिप कु. सिंह राजपुत | १५३०९०/५० | २०६३।१२।१०, सिरहा | गा.वि.स.रामनगर-२, मिर्चैया, सिरहा | मिर्चैया न.पा.-५, सिरहा, मधेश प्रदेश | बुवाः प्रदिप कु. सिंह राजपुत | देवन सिंह |
| | ऋणीको बिवरण | **रिना देवि पासमान** | १५-०१-६९-०१३१७ | २०६९।०५।०८, सिरहा | गा.वि.स. अयोध्यानगर-४, सिरहा | मिर्चैया न.पा.-६, सिरहा, मधेश प्रदेश | सर्वण कुमार पासमान | लक्ष्मी पासमान |
| | जमानतकर्ताको बिवरण | सर्वण कुमार पासमान | ०३५६३५५० | २०६२।०८।२९, सिरहा | गा.वि.स. अयोध्यानगर-४, सिरहा | मिर्चैया न.पा.-६, सिरहा, मधेश प्रदेश | लक्ष्मी पासमान | |
| | ऋणीको बिवरण | **रमेश कुमार साह** | १५-०१-७१-१२३५४ | २०७१।०३।२५, सिरहा | मिर्चैया न.पा.-७, सिरहा | मिर्चैया न.पा.-७, सिरहा, मधेश प्रदेश | बुवाः गौरी शंकर साह कलाल | |
| | जमानतकर्ताको बिवरण | महेश कुमार साह | १५-०१-७८-०९१३६ | २०७८।०७।१४, सिरहा | मिर्चैया न.पा.-७, सिरहा | मिर्चैया न.पा.-७, सिरहा, मधेश प्रदेश | बुवाः रंगला साह कलाल | |
| | ऋणीको बिवरण | **आसा देवी यादव** | ६८६२३२५७ | २०५८।०८।१९, सिरहा | गा.वि.स. चन्द्रअयोध्यापुर-८, सिरहा | नराहा गा.पा.-२, सिरहा, मधेश प्रदेश | श्याम सुन्दर यादव | सोमीत यादव |
| | जमानतकर्ताको बिवरण | श्याम सुन्दर यादव | १२८ | २०५७।०८।१०, सिरहा | गा.वि.स. चन्द्रअयोध्यापुर-८, सिरहा | नराहा गा.पा.-२, सिरहा, मधेश प्रदेश | सोमित यादव | |
| | ऋणीको बिवरण | **नवुदा खातुन** | ४०४७/६३ | २०६३।०८।११, सिरहा | गा.वि.स. सारस्वर-४, सिरहा | सिरहा ना.पा.-१२, सारस्वर, सिरहा, मधेश प्रदेश | इसाक मियाँ | गफुर मियाँ |
| | जमानतकर्ताको बिवरण | समिदा खातुन | ४१०२/६३ | २०६३।०९।१०, सिरहा | गा.वि.स. सारस्वर-४, सिरहा | सिरहा ना.पा.-१२, सारस्वर, सिरहा, मधेश प्रदेश | गफुर मियाँ | |
| | ऋणीको बिवरण | **उमदा देवी साह** | १५३०८९/१०७५ | २०६३।१२।३०, सिरहा | गा.वि.स. करजन्हा-९, सिरहा | करजन्हा न.पा-१० सिरहा,मधेश प्रदेश | जय प्रकाश साह हलुवाई | राम सेवक साह |
| | जमानतकर्ताको बिवरण | जय प्रकाश साह हलुवाई | ४४७७५९१० | २०५९।०३।१६, सिरहा | गा.वि.स. करजन्हा-९, सिरहा | करजन्हा न.पा-१० सिरहा, मधेश प्रदेश | राम सेवक साह | |
| | ऋणीको बिवरण | **कुसुम खातुन** | १५१०८०-१७०९ | २०६९।०७।२३, सिरहा | गा.वि.स.सारस्वर-४, सिरहा | सिरहा ना.पा-१२, सारस्वर, सिरहा, मधेश प्रदेश | नुर महमद दफाली | हकिम मिया दफाली |
| | जमानतकर्ताको बिवरण | नुर माहमद दफाली | ६६८२६/२३१ | २०६२।०२।२६, सिरहा | गा.वि.स.सारस्वर-४, सिरहा | सिरहा ना.पा-१२, सारस्वर, सिरहा, मधेश प्रदेश | हकिम मिया दफाली | |
| | ऋणीको बिवरण | **रेखा कुमारी पासमान** | १५३०९३/४६१ | २०६३।११।०६, सिरहा | गा.वि.स. गौतारी-५, सिरहा | कर्जन्हा न.पा-८ सिरहा, मधेश प्रदेश | काले पासमान | गुदरीया पासमान |
| | जमानतकर्ताको बिवरण | उमेश पासमान | १५-०१-७६-०१२९५ | २०७६।०१।२२, सिरहा | कर्जन्हा न.पा-८, सिरहा | कर्जन्हा न.पा-८ सिरहा, मधेश प्रदेश | काले पासमान | गुदरीया पासमान |
| | ऋणीको बिवरण | **सावित्री देवी** | १२२६०/६३ | २०६३।०८।०४, सिरहा | गा.वि.स. वडहरामाल-७, सिरहा | मिर्चैया न.पा.-५, सिरहा, मधेश प्रदेश | रामविलाष पासमान | जयलाल पासमान |
| | जमानतकर्ताको बिवरण | रामविलाष पासमान | १९२३/४३६९ | २०४५।०१।२४, सिरहा | गा.वि.स. वडहरामाल-७, सिरहा | मिर्चैया न.पा.-५, सिरहा, मधेश प्रदेश | जयलाल पासमान | |
| कल्यानपुर, सिरहा | ऋणीको बिवरण | **विमला देवी पासमान** | १५३०९०/४४९ | २०६३।१२।१३, सिरहा | गा.वि.स.रामनगर मिर्चैया-५, सिरहा | मिर्चैया न.पा.-६, सिरहा, मधेश प्रदेश | जगदीश पासमान | झौली पासमान |
| | जमानतकर्ताको बिवरण | जगदीश पासमान | ७१ | २०५२।०४।२८, सिरहा | गा.वि.स.रामनगर मिर्चैया-५, सिरहा | मिर्चैया न.पा.-६, सिरहा, मधेश प्रदेश | झौली पासमान | |
| | ऋणीको बिवरण | **मन्जु देवी पासमान** | १५३०९०/४९६ | २०६३।१२।१४, सिरहा | गा.वि.स.रामनगर मिर्चैया-६, सिरहा | मिर्चैया न.पा.-५, सिरहा, मधेश प्रदेश | रामचन्द्र पासमान | जोदनी पासमान |
| | जमानतकर्ताको बिवरण | रामचन्द्र पासमान | १६६२ | २०४४।११।१३, सिरहा | गा.वि.स.फुलवरीया-५, सिरहा | मिर्चैया न.पा.-५, सिरहा, मधेश प्रदेश | जोदनी पासमान | |
| | ऋणीको बिवरण | **रामपरी साहु** | ३७८३ | २०४५।०१।२४, सिरहा | गा.वि.स. रामपुरविर्ता-५, सिरहा | मिर्चैया न.पा.-१२, सिरहा, मधेश प्रदेश | ज्ञानचन हलुवाई | लक्ष्मण |
| | जमानतकर्ताको बिवरण | ज्ञान चन हलुवाई | ७७४१२०१३ | २०३५।१२।२१, सिरहा | गा.वि.स. रामपुरविर्ता-५, सिरहा | मिर्चैया न.पा.-१२, सिरहा, मधेश प्रदेश | लक्ष्मण | |
| | ऋणीको बिवरण | **गिता कुमारी सदा** | १५१०४७/१२४९३ | २०६८।०३।०२, सिरहा | गा.वि.स. असनपुर-२, सिरहा | गोलवजार ना.पा.-२, सिरहा, मधेश प्रदेश | राम शरण सदाय | मागैन मुसहर |
| | जमानतकर्ताको बिवरण | राम शरण सदाय | १५१०४७-१७७ | २०६६।०९।११, सिरहा | गा.वि.स. असनपुर-२, सिरहा | गोलवजार ना.पा.-२, सिरहा, मधेश प्रदेश | मागैन मुसहर | |
| | ऋणीको बिवरण | **सवलुन खातुन** | १५१०८०/१६० | २०६५।१२।०३, सिरहा | गा.वि.स.सारस्वर-४, सिरहा | गा.वि.स. सारस्वर-४, सिरहा मधेश प्रदेश | मो.रसुल कवाडी | दिल महम्मद कवाडी |
| | जमानतकर्ताको बिवरण | जुवेदा खातुन | १५-०१-६९- ०४६५८ | २०६९।१०।१२, सिरहा | गा.वि.स.सारस्वर-४, सिरहा | गा.वि.स. सारस्वर-४, सिरहा मधेश प्रदेश | मो.रुस्तम कवाडी | |
| | ऋणीको बिवरण | **मेहरुन खातुन** | १५१०८०/९१ | २०६५।०३।०५, सिरहा | गा.वि.स. सारस्वर-४, सिरहा | सिरहा ना.पा.-१२ सारस्वर, सिरहा, मधेश प्रदेश | ईद मोहम्मद दफाली | हकिम मिया दफाली |
| | जमानतकर्ताको बिवरण | मा.फरमान दफाली | १५-०१-०४ | २०७४।०९।०४, सिरहा | सिरहा ना.पा.-१२, सिरहा | सिरहा ना.पा.-१२ सारस्वर, सिरहा, मधेश प्रदेश | बुवाः इद मोहम्मद दफाली | |
| | ऋणीको बिवरण | **रामपृत पंडित कुमहार** | ३१३३०६१७-२८२६ | २०३४।१२।२०, सिरहा | न.पा.मिर्चैया-१०, सिरहा | न.पा.मिर्चैया-१०, सिरहा | बुवा-जुगेश्वर | |
| | जमानतकर्ताको बिवरण | राज कुमारी देवी | ३१३३२०६२ | २०५२।१२।०४, सिरहा | गा.वि.स.गम्हरीया-५, सिरहा | न.पा.मिर्चैया-१०, सिरहा | रामपृत पंडित कुमहार | जुगेश्वर |
| | ऋणीको बिवरण | **पिंकी खातुन** | १५-०१-७३-०७६१५ | २०७३।०९।०७, सिरहा | सिरहा ना.पा.-१२, सिरहा | सिरहा ना.पा.-१२,ि सरहा, मधेश प्रदेश | मो.रहमद दफाली | खालीम दफाली |
| | जमानतकर्ताको बिवरण | मो रहमद दफाली | १८३०१९१४६ | २०६३।११।१६, महोत्तरी | गा.वि.स.कोलहवा वगिचा-४ | सिरहा ना.पा.-१२, सिरहा, मधेश प्रदेश | खालीम दफाली | |
| | ऋणीको बिवरण | **मुन्नी खातुन** | १५-०१-७१-०७०२५ | २०७१।१०।०५, सिरहा | सिरहा  ना.पा-१२, सिरहा | सिरहा ना.पा- १२, सारस्वर, सिरहा | फिरोज दफाली | लतिफ दफाली |
| | जमानतकर्ताको बिवरण | हविव दफाली | १८१२ | २०४६।१०।०१, सिरहा | सिरहा ना.पा-४ सारस्वर | सिरहा ना.पा.-१२ सारस्वर, सिरहा | बुवाः खलिल | |

बाँकी पृष्ठ ४

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

महुली लघुवित्त वित्तीय संस्था लिमिटेड (पृष्ठ ३ बाट क्रमशः)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ऋणीको बिवरण | **रोकसार खातुन** | १८-०१-७७-०६९७३ | २०७७।११।०३, महोत्तरी | मटीहानी न.पा.-९, महोत्तरी | मटीहानी न.पा-९, महोत्तरी | फरमान चुरीहार | हविव चुरीहार |
| | जमानतकर्ताको बिवरण | सुभान मियाँ लहेरी | ८९१९२१५५ | २०४२।०२।०९, सिरहा | गा.वि.स.सिसाविनी-२, सिरहा | मटीहानी न.पा-९, महोत्तरी | बुवाः इस्माइल मियाँ | |
| | ऋणीको बिवरण | **फुलो देवी पासमान** | १५३०९३/५६ | २०६३।११।०१, सिरहा | गा.वि.स. गौतारी-५, सिरहा | कर्जनाहा न.पा-८, सिरहा | वंशु पासमान | पुलकित पासमान |
| | जमानतकर्ताको बिवरण | रोहित कुमार पासवान | १५-०१-७८-१३७७१ | २०७८।०१।२५, सिरहा | कर्जनाहा न.पा.-८, सिरहा | कर्जनाहा न.पा-८, सिरहा | बुवाः वंशु पासमान | बाजेः पुलकित पासमान |
| | ऋणीको बिवरण | **आशा देवी गोसाई** | १५२००५/९८८५ | २०६३।०९।२५, सिरहा | लहान न.पा.-५, सिरहा | न.पा.मिर्चैया-६, सिरहा, मधेश प्रदेश | किसन गोसाई | वौका गोसाइ |
| | जमानतकर्ताको बिवरण | किसन गोसाई | १५६१ | २०५७।०२।३०, सिरहा | लहान न.पा.-५, सिरहा | न.पा.मिर्चैया-६, सिरहा, मधेश प्रदेश | वौका गोसाइ | |
| | ऋणीको बिवरण | **लिलम कुमारी** | १५-०१-७७-०८३५७ | २०७७।१०।२६, सिरहा | गा.वि.स.मिर्चैया- ११, सिरहा | गा.वि.स.कर्जानाहा-८, सिरहा | धिरज पासमान | सुर्या पासमान |
| | जमानतकर्ताको बिवरण | धिरज पासमान | १५३१०१-१६१ | २०६३।१०।१०, सिरहा | गा.वि.स. सितापुर प्र.रा-५, सिरहा | गा.वि.स.कर्जानाहा-८, सिरहा | सुर्या पासमान | |
| | ऋणीको बिवरण | **चन्द्र कला देवी** | १५३०९०/२२३ | २०६३।१२।११, सिरहा | गा.वि.स. रामनगर मिर्चैया-४, सिरहा | न.पा.मिर्चैया-४, सिरहा, मधेश प्रदेश | हरीराम महरा | धनेश्वर महरा |
| | ऋणीको बिवरण | **लक्ष्मी देवि महतो** | १५३०९७/२७७ | २०६३।१०।१८, सिरहा | गा.वि.स.भेडिया-८, सिरहा | कल्यानपुर न.पा.-७, सिरहा | श्रीकुमार महतो सुडी | सवुरीया महतो सुडी |
| | जमानतकर्ताको बिवरण | मनिष महतो सुडी | १५-०१-७७-०१८७४ | २०७७।०६।२६, सिरहा | कल्यानपुर न.पा.-७, सिरहा | कल्यानपुर न.पा.-७, सिरहा | बुवाः श्रीकुमार महतो सुडी | बाजेः सवुरीया महतो सुडी |
| | ऋणीको बिवरण | **रेणु कुमारी सुडिन** | २९८८ | २०४४।११।२८, सिरहा | गा.वि.स.भडीया-२, सिरहा | न.पा. सिरहा-५, सारस्वर, सिरहा | बुवाः कट्टु नायक सुडी | |
| | ऋणीको बिवरण | **फुल कुमारी यादव** | १५३०८०-१०९ | २०६३।११।२७, सिरहा | गा.वि.स.सारस्वर-५, सिरहा | न.पा. सिरहा-१२, सारस्वर, सिरहा | सौखी लाल यादव | रामेश्वर यादव |
| | जमानतकर्ताको बिवरण | अनिता देवी सहनी | १५३०८०-४३६ | २०६३।१२।०२, सिरहा | गा.वि.स. सारस्वर-१, सिरहा | न.पा.सिरहा-१ सारस्वर, सिरहा | राज कुमार सहनी | |
| | ऋणीको बिवरण | **ववita कुमारी ठाकुर** | १५-०१-७५-११७२८ | २०७५।१०।१८, सिरहा | न.पा. गोलबजार-२, सिरहा | न.पा. गोलबजार-२, सिरहा | चन्द्र कुमार ठाकुर | राम देव |
| | जमानतकर्ताको बिवरण | चन्द्र कुमार ठाकुर | १५३०४४-५५२ | २०६३।१२।२४, सिरहा | गा.वि.स. लालपुर-४, सिरहा | न.पा. गोलबजार-२, सिरहा | राम देव | |
| | ऋणीको बिवरण | **भद्रकला थापा** | १५-०१-७१-००४४२ | २०७१।०१।२३, सिरहा | गा.वि.स.लालपुर-४, सिरहा | गोल वजार न.पा-४, सिरहा | मिन कुमार मगर | राजकुमार मगर |
| | जमानतकर्ताको बिवरण | रुको थापा | १५३०४४/४३३ | २०६३।१२।२३, सिरहा | गा.वि.स.लालपुर-४, सिरहा | गोल वजार न.पा-४, सिरहा | टेक वहादुर थापा | |
| | ऋणीको बिवरण | **जलेखा वेगम** | १५१०६९/१०३०३ | २०६७।१२।२१, सिरहा | गा.वि.स.चन्द्रलालपुर-२, सिरहा | गोलवजार न.पा.-१०, सिरहा | सहीद मन्सुरी | मो.रफिद मन्सुरी |
| | ऋणीको बिवरण | **सन्जु देवी चौधरी** | ५८४०४३१४ | २०६०।०७।२७, सिरहा | गा.वि.स. मझौलिया-१, सिरहा | कल्यानपुर न.पा.-८, सिरहा | शत्रुधन चौधरी थारु | लछुमन चौधरी |
| | जमानतकर्ताको बिवरण | शत्रुधन चौधरी थारु | २७६४३/२०४ | २०५८।०४।०४, सिरहा | गा.वि.स. मझौलिया-१, सिरहा | कल्यानपुर न.पा.-८, सिरहा | लछुमन चौधरी | |
| | ऋणीको बिवरण | **अमृता नायक** | १५३०४३/१७५ | २०६३।१२।२६, सिरहा | गा.वि.स. तुलसीपुर-१, सिरहा | गोलवजार न.पा.-४, सिरहा | नेम चन्द साह | उतिम लाल साह सुडी |
| | जमानतकर्ताको बिवरण | प्रदिप नायक | १५३०४७/१४० | २०६३।१२।३०, सिरहा | गा.वि.स. असनपुर-१, सिरहा | गोलवजार न.पा.-४, सिरहा | बुवाः हरी दयाल नायक | |
| | ऋणीको बिवरण | **रचना यादव** | १८६२३०२३ | २०५८।०९।१५, सिरहा | गा.वि.स.चन्द्रलालपुर-६, सिरहा | गोलवजार न.पा.-६, सिरहा | गंगा प्रसाद यादव | असर्फी यादव |
| | जमानतकर्ताको बिवरण | शान्ती घलान राना मगर | २१-०१-७०-४१३६४ | २०७०।०९।३०, रामेछाप | गा.वि.स.गागल भदौर-४, रामेछाप | गोलवजार न.पा.-६, सिरहा | शिव ब. राणा मगर | सन्ते राना मगर |
| | ऋणीको बिवरण | **विभा कुमारी ठाकुर** | १५-०१-७१-०३७५३ | २०७१।०५।२४, सिरहा | गा.वि.स. चन्द्रलालपुर-१, सिरहा | गोलवजार न.पा.-८, सिरहा, मधेश प्रदेश | तुलसीराम ठाकुर | राज कुमार ठाकुर |
| | जमानतकर्ताको बिवरण | सुनिल ठाकुर | १५-०१-७३-०१४१९ | २०७३।०२।१८, सिरहा | गोलवजार ना.पा-८, सिरहा | गोलवजार न.पा.-८, सिरहा, मधेश प्रदेश | बुवाः राज कुमार ठाकुर | |
| | ऋणीको बिवरण | **उर्मिला देवी साह** | १५३०९०-७५७ | २०६३।१२।१५, सिरहा | गा.वि.स.रामनगर मिर्चैया-२, सिरहा | न.पा.मिर्चैया-५, सिरहा | भरोसी साह | सरयुग साह |
| | जमानतकर्ताको बिवरण | भरोसी साह | ४८९२३०४१-३५ | २०४४।१०।०६, सिरहा | गा.वि.स. कल्यानपुरजब्दी-८, सिरहा | न.पा.मिर्चैया-५, सिरहा | सरयुग साह | |
| | ऋणीको बिवरण | **प्रमिला देवी यादव** | १५३०४७/४४ | २०६३।१२।२५, सिरहा | गा.वि.स.असनपुर-१, सिरहा | गोलवजार न.पा.-४, सिरहा, मधेश प्रदेश | राम वली यादव | जनक राउत यादव |
| | जमानतकर्ताको बिवरण | राम कुमारी यादव | १३१/१३५९३७२९ | २०३५।११।१७, सिरहा | गा.वि.स.असनपुर-७, सिरहा | गोलवजार न.पा.-४, सिरहा, मधेश प्रदेश | वुवाः असर्फी | |
| | ऋणीको बिवरण | **विणा देवी साह** | ५३२७२९७७ | २०५८।०५।२१, सिरहा | गा.वि.स. लालपुर-२, सिरहा | गोलवजार न.पा.-४, सिरहा ,मधेश प्रदेश | धेवरचन साह सुडी | असु साह सुडी |
| | जमानतकर्ताको बिवरण | नागेश्वर साह | १५-०१-७७-०५५२५ | २०७७।०९।१०, सिरहा | न.पा.गोलबजार-२, सिरहा | गोलवजार न.पा.-४, सिरहा, मधेश प्रदेश | बुवाः धेवरचन साह सुडी | बाजेः असु साह सुडी |
| | ऋणीको बिवरण | **भोल्टन देवी साह** | १५३०५३/३४२ | २०६३।१०।०५, सिरहा | गा.वि.स.सुखिपुर-९, सिरहा | गोलवजार न.पा.-५, सिरहा, मधेश प्रदेश | शिवनाथ साह | राजन लाल साहु तेली |
| | जमानतकर्ताको बिवरण | शिवनाथ साह | १५३०५३/३ | २०६३।१०।०३, सिरहा | गा.वि.स.सुखिपुर-९, सिरहा | गोलवजार न.पा.-५, सिरहा, मधेश प्रदेश | राजन लाल साहु तेली | |
| | ऋणीको बिवरण | **विन्देश्वरी कु. यादवनी** | १२४८/३ | २०४६।१२।०५, सिरहा | गा.वि.स. हरकट्टी-३, सिरहा | गोलवजार न.पा.-३, सिरहा, मधेश प्रदेश | बुवाः गंगाराम यादब | |
| | जमानतकर्ताको बिवरण | चन्देश्वर यादव | ७/१५५८ | २०४१।४।०४, सिरहा | गा.वि.स. औरही-३, सिरहा | गोलवजार न.पा.-३, सिरहा, मधेश प्रदेश | बुवाः वृखतमान यादव | |
| | ऋणीको बिवरण | **ललिता कुमारी** | ५६४२/१०२ | २०५३।०३।१४, सिरहा | गा.वि.स.असनपुर-४, सिरहा | गोलवजार न.पा.-६, सिरहा, मधेश प्रदेश | बुवाः राम लखन महासेठ | |
| | जमानतकर्ताको बिवरण | प्रदिप नायक | १५३०४७/१४० | २०६३।१२।३०, सिरहा | गा.वि.स.असनपुर-६, सिरहा | गोलवजार न.पा.-६, सिरहा, मधेश प्रदेश | बुवाःहरि दयाल नायक | |
| | ऋणीको बिवरण | **परयाग देवी सदा** | १५१०७२/९५२५ | २०६७।११।११, सिरहा | आसोपुर बलकवा-९, सिरहा | गोलवजार न.पा.-६, सिरहा, मधेश प्रदेश | बुधन सदा | दसैया सदा |
| | जमानतकर्ताको बिवरण | बुधन सदा | १५३०७२/३९१ | २०६३।११।३० ,सिरहा | आसोपुर बलकवा-९, सिरहा | गोलवजार न.पा.-६, सिरहा, मधेश प्रदेश | दसैया सदा | |
| कल्यानपुर, सिरहा | ऋणीको बिवरण | **सविता देवी सदा** | १५३०७२/४२७ | २०६३।११।३० ,सिरहा | गा.वि.स.आ.वलकवा-९, सिरहा | गोलवजार न.पा-५, सिरहा | गुरु दियाल सदा | ननु सदा |
| | जमानतकर्ताको बिवरण | गुरु दियाल सदा | ०२६१३०४९ | २०६२।३।१९, सिरहा | गा.वि.स.आ.वलकवा-९, सिरहा | गोलवजार न.पा-५, सिरहा | ननु सदा | |
| | ऋणीको बिवरण | **उषा देवी यादव** | १५-०१-७२-००३५९ | २०७२।०१।२७ ,सिरहा | गोलवजार न.पा-९, सिरहा | गोलवजार न.पा-५, सिरहा | रत्न प्रसाद यादव | सुर्य नाथ यादव |
| | जमानतकर्ताको बिवरण | गुलाव कुमारी यादव | १५-०१-७०-०९८५० | २०७०।०५।०२, सिरहा | गा.वि.स.असनपुरा-२, सिरहा | गोलवजार न.पा-८, सिरहा | सन्तोष कुमार यादब | |
| | ऋणीको बिवरण | **पार्वती देवी सिंह दनुवार** | १५३०७२/५१६ | २०६३।१२।१, सिरहा | आ.वलकवा गा.वि.स.-९, सिरहा | गोलवजार न.पा-८, सिरहा | रामदेव सिंह दोनवार | चनर सिंह दोनवार |
| | जमानतकर्ताको बिवरण | रामदेव सिंह दोनवार | ४२७७ | २०४५।२।१७, सिरहा | आ.वलकवा गा.वि.स.-९, सिरहा | गोलवजार न.पा-८, सिरहा | चनर सिंह दोनवार | |
| | ऋणीको बिवरण | **शिव कुमारी सदा** | १५-०१-७३-०२०९६ | २०७३।०३।०२, सिरहा | गोलवजार न.पा.-५, सिरहा | गोलवजार न.पा-८, सिरहा | गोविन सदा | वलहादुर सदा |
| | जमानतकर्ताको बिवरण | गोविन सदा | १५३०४७/१३६ | २०६३।१०।०५, सिरहा | गा.वि.स.असनपुरा-२, सिरहा | गोलवजार न.पा-८, सिरहा | वलहादुर सदा | |
| | ऋणीको बिवरण | **सकिला खातुन** | ६५०४/६३ | २०६३।०२।१७, सिरहा | गा.वि.स.असनपुरा-७, सिरहा | गोलवजार न.पा.-६, सिरहा, मधेश प्रदेश | मन्जुर आलम चुरौटे | फर्ज अली |
| | ऋणीको बिवरण | **सिमा कार्की** | १५१०२२/५ | २०६४।०१।२४, सिरहा | धनगढी न.पा.-२, सिरहा | गोलवजार न.पा.-६, सिरहा, मधेश प्रदेश | बुवाः जय कु. कार्की | |
| | जमानतकर्ताको बिवरण | विपीन दाहाल | ६७२२/६३ | २०६३।२।२४, सिरहा | गा.वि.स. असनपुर-६, सिरहा | गोलवजार न.पा.-६, सिरहा, मधेश प्रदेश | बुवाः विनोद कु. दाहाल | |
| | ऋणीको बिवरण | **विनिता पासमान** | १७१०१०/५७६ | २०६९।०८।२६, धनुषा | जिल्ला धनुषा गा.वि.स. सिंयाही मडान-६ | कमला न.पा-६, धनुषा | सिवु पासमान | चलितर पासमान |
| | ऋणीको बिवरण | **मिना देवी ठाकुर** | १५३०९६/३१२ | २०६३।११।२२, सिरहा | राघोपुर गा.वि.स.-८, सिरहा | मिर्चैया न.पा-३, सिरहा | लटु ठाकुर | बैजनाथ ठाकुर |
| | जमानतकर्ताको बिवरण | लटु ठाकुर | २९४८२८४९ | २०४६।११।६, सिरहा | राघोपुर गा.वि.स.-८, सिरहा | मिर्चैया न.पा-३, सिरहा | बैजनाथ ठाकुर | |
| | ऋणीको बिवरण | **भुल्की कुमारी साह** | ३६१ | २०४६।११।६, सिरहा | आ.वल्कवा गा.वि.स.-९, सिरहा | गोलवजार न.पा.-६, सिरहा, मधेश प्रदेश | शिव कुमार साहु | राम करण साहु |
| | जमानतकर्ताको बिवरण | शिव कुमार साहु | ४१३० | २०४५।२।१३, सिरहा | आ.वल्कवा गा.वि.स.-९, सिरहा | गोलवजार न.पा.-६, सिरहा, मधेश प्रदेश | राम करण साहु | |

**नोट : ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।**

## शहीद परिवार र घाइतेहरूको हकहितका ..............

जनकपुरधाममा विरोध प्रदर्शन गरेको हो।

समितिले शहीद परिवार र आन्दोलनका क्रममा घाइते भएकाहरूलाई राज्यले उचित सम्मान दिनुपर्ने तथा उनीहरूको शिक्षा, स्वास्थ्य र रोजगारीको पूर्ण प्रत्याभूति गर्नुपर्ने माग अघि सारेको छ।

शहीद तथा घाइतेहरूको हित संरक्षणका लागि छुट्टै ऐन-कानून निर्माण गरी 'मधेशी शहीद प्रतिष्ठान'लाई स्वायत्त संस्थाको रूपमा सञ्चालन गर्नुपर्ने शहीद परिवारका सदस्यहरूको मुख्य माग रहेको छ।

समितिले शहीद परिवार र घाइतेहरूको जीवनयापन सहज बनाउन राज्यले भरणपोषण भत्ता




लागू गर्नुपर्ने विषयमा समेत जोड दिएको छ।

समितिले संघीय तथा प्रदेश सरकारको ध्यानाकर्षण गराउँदै शहीद र घाइतेहरूको सम्मान तथा अधिकार सुनिश्चित हुनेगरी ठोस नीति तथा कार्यक्रम ल्याउन आग्रह गरेको छ।

## असारे विकास रोक्न मधेश सरकारद्वारा खर्च ..............

गर्न नपाउने गरी पूर्ण रुपमा रोक्का गरिएको छ।

यस्तै अनुत्पादक खर्च, कर्मचारी तालिम खर्च अनुगमन तथा मूल्याङ्कन खर्च, अन्य भ्रमण खर्च अन्त्य प्रयोजनको इन्धन र सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च जस्ता शीर्षकमा विनियोजित रकममध्ये खर्च हुन बाँकी सम्पूर्ण रकम समेत रोक्का गरिएको छ।

यसअघि सोमवार अर्थमन्त्रालयका उपसचिव जयकुमार राउतले प्रदेशका सबै मन्त्रालय, प्रतिष्ठान, आयोग, केन्द्र र सचिवालयले कुन कुन शिर्षकमा खर्च कटौती गरिएको बारे पत्राचार गरेको थियो।

सो पत्रमा उल्लेख भए अनुसार मसलन्द तथा कार्यालय खर्चमा ३० प्रतिशत, अनुगमन, सवारी साधन मरम्मत, मेशनरी तथा औजार, निर्मित सार्वजनिक सम्पति, पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन, उत्पादन सामग्री, सेवा खर्च, भ्रमण, सरसफाई तथा विभिन्न कार्यक्रम खर्चमा ५० प्रतिशत बजेट कटौती गरिएको छ।

यस्तै पुस्तक सामाग्री, इन्धन अन्य प्रयोजन, सफ्टवेयर संचालन खर्च, कर्मचारी तालिम, अनुगमन, भ्रमण, अनुदान, सामाजिक सहायता, पशुधन तथा बागवानी विकास, विद्युत संरचना र पूँजीगततर्फ १० लाख वा सो भन्दा कमका स्वीकृत योजना तथा कार्यक्रम पूर्ण रुपमा रोक्का गर्न भनेको छ।

वित्तीय अनुशासन कायम गर्दै प्राथमिकताप्राप्त कार्यक्रमको निरन्तरता सुनिश्चित गर्न खर्च नियन्त्रणको नीति अपनाइएको मन्त्रालयले जनाएको छ। वर्षभरि काम नगरी आर्थिक वर्षको अन्त्यमा हतार-हतार बजेट खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न मधेश सरकारले यस्तो निर्णय गरेको उपसचिव राउतले बताएका छन्।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका